# स्थानीय राजपत्र

## मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः८ संख्याः२ मितिः २०८१।०३।०५

भाग–२

**मालिकार्जुन गाउँपालिका**

| | |
|---|---|
| गाउँ कार्यपालिकाबाट स्वीकृत मिति | २०८१।०३।०२ |

**मालिकार्जुन गाउँपालिकाको उपाध्यक्ष सँग बालबालिका शिक्षा सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९**(दोस्रो संशोधन २०८१)

**संशोधित प्रस्तावनाः**

मालिकार्जुन गाउँपालिका भित्रका विद्यालय उमेर समुहका सबै बालबालिकालाई शिक्षाको पँहुच सुनिश्चितता गर्ने र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्धेश्य पूरा गर्न यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई शैक्षिक सामाग्री प्रदान गर्न मालिकार्जुन गाउँपालिकाको आठौं गाउँसभाबाट स्वीकृत उपाध्यक्ष सँग बालबालिका शिक्षा सुरक्षा कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२),मालिकार्जुन गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ३ (१) बमोजिम मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१।०३।०२ गतेको बैठकले यो कार्यविधिको दोस्रो संशोधन गरी जारी गरेको छ ।

१. कार्यविधिको दफा (१) संक्षिप्त नाम र प्रारम्भमा "(दोस्रो संशोधन २०८१)" थप गरिएको ।

२. मालिकार्जुन गाउँपालिकाको उपाध्यक्ष संग बालवालिका शिक्षा सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९(प्रथम संसोधन, २०८०) को दफा ४ **समितिको काम कर्तव्य र अधिकार**मा तपसिल बमोजिम थप गरिएकोः

**तपशिलः**

" छ. समितिले आवश्यक ठानेमा मालिकार्जुन गाउपालिका भित्रका माध्यमिक तहसम्मका विद्यालयहरुका लागि खेलकुद सामाग्री खरिद गर्नका लागि उचित निर्णय गर्न सक्नेछ ।"

आज्ञाले,
नर बहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत